## आ.व. २०८०/८१ को

# वार्षिक प्रगति पुस्तिका

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

**राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र**

**आलुबाली विकास केन्द्र, निगाले**

**प्रकाशन आ.व. २०८१/८२**

# Existing Site Plan

*Potato Corp Development Center,*
*Nigale, Sindhupalchok*




Existing Site Plan
Site Area = 53372.19 Sq.m
Site Area = 104-14-2-2

A: Staff House
B: Pahuna Ghar
C: Hakim Aawash
D: Aaloo Bhandar
E: Office Building
F: Training Building
G: Guard House
H: Prasodhan Bhandar
I: Pra. Stu. H.
J: Toilet
K:Kitchen
L: Green House
M: Lab
N: Open to Sky
O: Water Tank
O': Collection Chamber
P: Cow Shed
Q: Farm Jinsi Bhandar
R: Truss
S: Guthi Truss
T: Curing Area
U: Garage
Existing Structure

J',L',Q' : Existing block demolish and construct new structure

1. Only written dimensions shall be followed, drawings shall not be measured.
2. Any descripency if found shall be reported to the site engineer.

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Center for Agriculture Infrastructure Development and Mechanization Promotion
Hariharbhawan, Nepal

Detailed Project Report (DPR) Preparation for the Infrastructure Development of Federal Agricultural Farm Centers

| | |
|---|---|
| Location:- Nigale,Sindhupalchok | |
| Sheet Title:- Existing Map | |
| Designed By:- GOEC-RAJDEVI-RECON JV | |
| Checked By:- | |
| Drawn By:- BHESHA RAJ PUN | Sheet.No SP/MP |
| Date:- 2023 Scale:- 1:1500 | 04 |

# शुरूवाती भनाई



नेपालको कूल ग्राहस्थ उत्पादनमा करिब २४ प्रतिशत हिस्सा रहेको कृषि क्षेत्रमा आर्थिक सर्वेक्षण २०८०/८१ का अनुसार नेपालको ५०.४ प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेका छन्। कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकिकरण र औधोगिकिकरणमा नेपाल सरकारका तिन वटै तहबाट कृषिका विभिन्न कार्यक्रम संचालन भइरहेका छन्। राष्ट्रिय कृषिगणना २०७८ अनुसार ७०.४ प्रतिशत कृषक परिवारको मुख्य आम्दानीको स्रोत कृषि रहेको छ। आलु नेपालको तराई देखि उच्च पहाडसम्म हुने एक मुख्य बालीको रूपमा रहेको छ। हाल आलुको उत्पादकत्व १७.१ मे. टन प्रति हेक्टर रहेको छ जुन विकसित मुलुकको तुलनामा कम रहेको छ। आलुको उत्पादन तथा उत्पादकत्व वृद्दि गर्नुमा गुणस्तरीय बीउको मूख्य भूमिका रहेको हुन्छ। कृषि तथा पशुपन्छी मन्त्रालयको तथ्याङ्क अनुसार नेपालमा आ.व. २०७९/८० मा आलु २०३८१२ हे. क्षेत्रफलमा खेति भई ३४८७८१६ मे. टन उत्पादन रहेको छ।

आलुबाली बिकास केन्द्र निगाले नेपाल सरकारको संघिय प्रशासनिक संरचना भित्र रहेको आलुबाली सम्बन्धी कार्य गर्ने कार्यालय हो। यस केन्द्रको मुख्य लक्ष्य गुणस्तरयुक्त बीउ आलु तथा आलु वीयाँ (TPS) उत्पादन तथा बितरण गरी आलु उत्पादक कृषक समुदायमा बीउ एवं प्रबिधि हस्तान्तरण गरी उत्पादन तथा उत्पादकत्व बढाई पोषण तथा खाद्य सुरक्षाको सुनिस्चितता र गरिवी निवारणको राष्ट्रिय उदेश्यमा सहयोग पुर्याउने रहेको छ। यसै लक्ष्यलाई पुरा गर्न केन्द्रले आफ्ना प्रमुख कार्यहरूमा तन्तु प्रजनन् प्रयोगशालाबाट उत्पादन गरिएका रोगमुक्त पुर्बमुल बीउ (PBS) उत्पादन गरी आम कृषकहरूलाई बितरण गर्नुका साथै पुनः पुर्व मुल बीउबाट गुणस्तरीय आलु बीउ उत्पादन गर्ने, TPS वीयाँ आलु उत्पादन गर्ने, आलुबालीका जर्मप्लाज्म संरक्षण गर्ने, तरकारी वेर्ना उत्पादन तथा बितरण गर्ने र केन्द्रका कमान्ड क्षेत्र भित्रका स्थानहरूका कृषकहरूलाई उन्नत प्रविधि प्रदर्शन तालिम गोष्ठि तथा प्राविधिक सरसल्लाहबाट आलु खेती सम्बन्धी उन्नत प्रविधि प्रचार प्रसार गर्दै आएको छ ।

अन्त्यमा, यस वार्षिक पुस्तिकामा आ.व. २०८०/८१ मा सन्चालन गरेका वार्षिक कार्यक्रमहरूको प्रगति विवरण, उन्नत बीउ आलु उत्पादन, पुर्वमुल बीउ तथा वीयाँ आलुको उत्पादन तथा बिक्रि बितरण स्थिति, राजश्व विवरण लगाएत आलु उत्पादनसँग सम्बन्धित उन्नत प्रविधिहरू प्रकाशित गरिएको छ। यस पुस्तिका प्रकाशनमा प्रमुख रूपमा सहयोग गर्नु हुने केन्द्र प्रमुख वरिष्ठ बागवानी विकास अधिकृत अरुण खनाल, बायोटेक्निसियन बिजय राना मगर, प्रा.स. हिमाल भुसाल, प्रा.स. सुनिल कुमार चौधरी, प्रा.स. कृष्णनाथ योगी, बायोटेक्निसियन सहायक रिता सापकोटा, खरिदार छबिन अधिकारी, सह-लेखापाल भानुभक्त पोखेल लगायत केन्द्रका सम्पुर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। साथै यस पुस्तिकामा भएका त्रुटीहरू पहिचान गरि आगामि समयमा अझ बढि परिस्कृत र जानकारीमुलक बनाउन सल्लाह र सुझाबको अपेक्षा राख्दछु।

अरुण खनाल
(केन्द्र प्रमुख)
वरिष्ठ बागवानी विकास अधिकृत

# विषयसूची

| | |
|---|---|
| खण्ड-१ | १ |
| जिल्लाको संक्षिप्त विवरण | १ |
| १.१ जिल्लाको नामाकरण | १ |
| १.२ भौगोलिक अवस्थिति | १ |
| १.३ राजनीतिक तथा प्रशासनिक विभाजन | २ |
| १.४ भू-उपयोग स्थिती | ३ |
| १.५ हावापानी | ४ |
| १.६ वर्षा तथा तापक्रमको विवरण (औषत) | ५ |
| १.७ प्रमुख नदिनाला, ताल र पोखरी | ५ |
| १.८ प्राकृतिक सम्पदा | ५ |
| १.९ जनसंख्याको विवरण | ६ |
| १.१० प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरू | ६ |
| १.११ भू-स्वामित्वको स्थिति | ७ |
| १.१२ सिचांईको स्थिति | ७ |
| १.१३ खाद्यान्न उत्पादन र उपलब्धता स्थिति | ८ |
| खण्ड-२ | १० |
| आलुबाली विकास केन्द्र, निगालेको परिचय | १० |
| २.१ ऐतिहासिक पृष्ठभूमि | १० |
| २.२ फार्म केन्द्रको संक्षिप्त परिचय र प्रभाव कार्य क्षेत्र | १० |
| २.२.१ संक्षिप्त परिचय | १० |
| २.२.२ भौगोलिक स्थिति | ११ |
| २.२.३ हावापानी | ११ |
| २.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरू | ११ |
| २.३.१ दीर्घकालिन सोच | ११ |

२.३.२ लक्ष्य ११
२.३.३ उद्देश्यहरू १२
२.४ प्रभाव कार्यक्षेत्र १२
२.५ कार्य विवरण, जनशक्ति र प्रमुख कार्यहरू १२
२.५.१ कार्य विवरण १२
२.५.२ जनशक्ति १३
२.५.३ केन्द्रमा कार्यरत कर्मचारीहरूको विवरण १४
२.५.४ प्रमुख कार्यहरू १५
२.६ भौतिक पूर्वाधारको अवस्था १५
२.७ स्थापना कालदेखि हालसम्म कार्यरत केन्द्र प्रमुखहरू १६
२.८ केन्द्रमा रहेका प्रमुख जिन्सी माल सामानको विवरण १६
२.९ आलुको जर्मप्लाज्मको विवरण २०
२.१० नागरिक वडापत्र २४
३.१ आ.व. २०८०/८१ को वार्षिक प्रगती विवरण २६

खण्ड-३ २६
आ.व. २०८०/८१ मा संचालित कार्यक्रम २६
३.३ आयोजना वार्षिक बेरुजु फछ्यौट प्रगति विवरण ३३
३.५ आ.व. २०७९/८० को राजश्व विवरण ३५
३.६ सेवाग्राहीहरूलाई पुर्याएको सेवा विवरण ३५
३.७ आ.व. २०७९/८० को बिश्लेषणात्मक प्रगति विवरण ३५
३.७.१ टि.पि.एस. वियाँ उत्पादन तथा विक्रि ३५
३.७.२ बेसिक बीउ आलु उत्पादन तथा विक्रि ३६
३.७.३ स्क्रीन हाउसमा पूर्व मूल बीउ आलु उत्पादन तथा वितरण ३६
३.७.४ आलुको इन्भिट्रो प्लान्ट उत्पादन ३६
३.७.५ अन्य क्रियाकलापहरू ३६
३.७.५.१ तालिम ३६
३.७.५.२ आलुबालीको नतिजा प्रर्दशन ३७

३.७.५.३ प्राविधिक सेवाटेवा ३७
३.७.५.४ आलुबालीको नयाँ जात रजिष्ट्रेशन ३७
३.८ आ.व. २०७९/८० मा लगाई आ.व. २०८०/८१ मा उत्पादन भएको बीउ आलुको विवरण ३७
०

खण्ड-४ ४०
४.१ पछिल्लो १० बर्षको फार्मको बिनियोजित बजेट खर्चको विवरण ४०
४.२ पछिल्लो ११ बर्षको फार्मको राजस्व विवरण ४
४.३ बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रबाट अनुमतिपत्र प्राप्त पि. बि. एस. उत्पादक
टिस्युकल्चर ल्याबहरूको सुची ४१

खण्ड-५ ४३
५.१ आलुका सिफारिस जातहरू ४३

खण्ड-६ ४६
६.१ सिन्धुपाल्चोक जिल्लामा भएका सरकारी कार्यालयहरूको विवरण ४६
६.२ पालिकाहरूको विवरण ४८

# जिल्लाको संक्षिप्त विवरण

## १.१ जिल्लाको नामाकरण

सिन्धुपाल्चोक जिल्ला बागमती प्रदेशमा अवस्थित तिब्वतसँग जोडिएको उच्च पहाडी जिल्ला हो। जिल्ला सदरमुकाम चौतारा राजधानी काठमाडौंबाट ८६ कि.मी. पूर्व-उत्तरमा अवस्थित छ। जुगल हिमालको काखमा रहेको यस जिल्लाको नाम "सिन्धु" र "पाल्चोक" २ वटा थुमहरूको नाम जोडेर गरिएको जनविश्वास रही आएको छ। सिन्धुपाल्चोक प्राचीनकालदेखि अस्तित्वमा आएको, पौराणिक तथा ऐतिहासिक महत्व भएको जिल्ला हो। जिल्लाको प्रख्यात सुनकोशी (सुवर्णकौशिक) नदीको नामाकरण पौराणिक कथन एंव किंवदन्ती अनुसार देवी पार्वतीले हिरण्यशेखर नाउँको पर्वतमा बसी साधना गरी सनातन नाउँको ऋषिलाई पुजेर दान-दक्षिणा दिएको र तपस्याको वखत पार्वतीको ओठको छेउबाट खसेको पसिना तुरुन्त पहेलो भएर नदी बनेको भन्ने किंवदन्ती अनुसार भएको हो। स्वर्गका राजा इन्द्र स्वर्गको राजकाज छाडेर एक नदीको तीरमा तपस्या गरेका र राजकाजमा बाधा परेकाले इन्द्रयणी आएर तपस्या गरेपछि इन्द्र फेरि स्वर्ग गई यथावत् राजकाज सम्हालेका थिए। यसरी इन्द्रले तपस्या गरेको हुनाले सो नदीको नाम इन्द्रावती रहन गएको पाइन्छ। त्यस्तै पौराणिक कथन अनुसार विश्वामित्रको तपोवन पाँचपोखरी थियो। श्रृङ्गऋषि पनि यसै हिमालयको छेउमा तपस्या गरी बसेका थिए। त्यतिबेला नारद ऋषि उन्लाई भेट्न जाँदा ठण्डीले नुहाउन नसकेकोले ऋषिले तातोपानीको धारा खोली दिएको भन्ने भनाई छ। जुन तातोपानी धारा हालसम्म कायमै छ। त्यसैगरी पौराणिक कथन अनुसार हेलम्बु माथि एउटा ढुकु नामको स्थान छ, सो स्थानमा एउटा अनाकुण्ड पनि छ। त्यहि स्थानमा महादेवले विश्वकर्म गरेका थिए भन्ने भनाई छ। यसरी जिल्लामा रहेका ऐतिहासिक स्थल र प्राकृतिक श्रोतको नामाकरणदेखि विकासम्ममा विभिन्न सान्दर्भिक किम्वदन्तिहरू जोडिएर आएको पाइन्छ।

## १.२ भौगोलिक अवस्थिति

- अक्षांश २७°२७´ उत्तर देखि २८°१३´ उत्तरसम्म
- देशान्तर ८५°२७´ पूर्वदेखि ८६°०६´ पूर्वसम्म
- उचाई ७४७ मि.देखि अधिक्तम ७०८५ मि.सम्म

**क्षेत्रफल**

- नेपाल राष्ट्रको कुल भू-भागको : १.७३ प्रतिशत
- कुल क्षेत्रफल : २५४२ वर्ग कि.मि.

### भु-बनावट

भौगोलिक बनावटको दृष्टिकोणले यस जिल्लालाई सामान्यतया चार भागमा वर्गीकरण गर्न सकिन्छ:

### हिमाली क्षेत्र

सिन्धुपाल्चोक जिल्लाका १६,००० देशि २३,२३८ फिटसम्म उचाईका अग्ला हिमश्रृखलाहरू यस क्षेत्रमा पर्दछन । जिल्लाको सबैभन्दा अग्लो टाकुरा लाङपोघ्याङ २३,२३८ फिट यहि प्रदेशमा पर्दछ। यहाँ ६०० मिटर भन्दा अग्ला थुप्रै चुचुराहरू पर्दछन्। यही ५,६२३ मिटर अग्लो गाङजाला भन्ज्याङ रहेको छ। यसले सिन्धुपाल्चोकको तार्केघ्याङ र रसुवाको बाग्रेचरनखर्कलाई जोड्ने काम गर्दछ भने काठमाडौंबाट सबैभन्दा नजिक रहेको जुगल हिमाल यसै क्षेत्रमा रहेको छ।

### लेकाली क्षेत्र

७,००० फिटदेखी १६,००० फिटसम्मको भागलाई लेकाली प्रदेशको रूपमा लिइएको छ। अग्ला चुचुराहरूको दक्षिणी भेगमा रहेको यस क्षेत्रमा जाडो महिनामा निकै जाडो हुन्छ भने गर्मीमा वातावरण सामान्य रहन्छ। यहाँ कालिन्चोक डाँडा, भैरवकुण्ड लेक, च्योच्यो डाँडा, नौलिङ लेक, पाल्चोक, मेलम्चि डाँडा र छिपुमान्चे जस्ता थुप्रै लेकाली भेगहरू छन्। यसै भेगमा भैरवकुण्ड, पाँचपोखरी, सुर्यकण्ड आदि कुण्डहरू रहेका छन्। यो भेग खेतिपातीको लागि उपयुक्त नभएता पनि यहाँ विभिन्न जडीबुटीहरू पाइन्छन्।

### पहाडी क्षेत्र

यो भुभाग ५००० फिटदेखि ७००० फिटसम्मको उचाईमा पर्दछ। यो भेगमा अनगिन्ती पहाडी चुचुराहरू रहेका छन्। जाडोमा त्यति जाडो नहुने र गर्मीमा पनि साह्रै गर्मी नहुने यस भेगमा आलु, तरकारी तथा फलफुल उत्पादनको संभावना राम्रो रहेको छ।

### बेसी तथा टार क्षेत्र

समुद्र सतहबाट २४५० फिटदेखि ५००० फिटसम्मको भू-भाग यस प्रदेशमा पर्दछ । यो भू-भाग खाद्यान्न, तरकारी तथा फलफूल उत्पादनको लागि ज्यादै उपयुक्त छ। जरायोटार, भीमटार, ग्याल्थुम, माहाँकाल, भट्टार, मेलम्ची तथा बलेफीफाँट जस्ता फाँटहरू यसै क्षेत्रमा पर्दछन् ।

## १.३ राजनीतिक तथा प्रशासनिक विभाजन

सिन्धुपाल्चोक जिल्लामा हाल ३ नगरपालिका र ९ गाउँपालिका गरी कूल १२ स्थानीय तहहरू रहेका छन् जुन निम्नानुसार छन् ।

| क्र.सं. | स्थानीय तह | क्र.सं. | स्थानीय तह |
|---|---|---|---|
| १ | चौतारा साँगाचोकगढी नगरपालिका | ७ | बलेफी गाउँपालिका |
| २ | बाह्रविसे नगरपालिका | ८ | भोटेकोशी गाउँपालिका |
| ३ | मेलम्ची नगरपालिका | ९ | लिसंखुपाखर गाउँपालिका |
| ४ | ईन्द्रावती गाउँपालिका | १० | सुनकोशी गाउँपालिका |
| ५ | जुगल गाउँपालिका | ११ | हेलम्बु गाउँपालिका |
| ६ | पाँचपोखरी थाङपाल गाउँपालिका | १२ | त्रिपुरासुन्दरी गाउँपालिका |

**जिल्लाको सिमाना**

पूर्व : दोलखा र रामेछाप जिल्ला, साथै चीनको स्वशासित क्षेत्र तिब्बत

पश्चिम : नुवाकोट र रसुवा जिल्ला

उत्तर : रसुवा जिल्ला र चीनको स्वशासित क्षेत्र तिब्बत

दक्षिण : काभ्रेपलान्चोक, काठमाडौं र रामेछाप जिल्लाहरू

## १.४ भू-उपयोग स्थिती

| क्र.स. | भू- उपयोग किसिम | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|---|
| १ | वन जङ्गलले ढाकेको क्षेत्र | ७७५.६७ | ७७५६७ | ३०.५१ |
| २ | कृषियोग्य जमिन | ७३७.१० | ७३७१० | २९.०० |
| ३ | चरण क्षेत्र | ११८.२३ | ११८२३ | ४.६५ |
| ४ | हिमाली क्षेत्र | ४७ | ४७०० | १.८५ |
| ५ | झाडीले ढाकिएको क्षेत्र | ३२२.५३ | ३२२५३ | १२.६९ |
| ६ | पहिरोले ओगटेको क्षेत्र | २.६४ | २६४ | ०.१ |
| ७ | बलौटे क्षेत्र | २६.४५ | २६४५ | १.०४ |
| ८ | बाँझो पर्ति जग्गा | ४५६.१५ | ४५६१५ | १७.९४ |
| ९ | पानीले ढाकेको क्षेत्र | २.३४ | २३४ | ०.१० |

| क्र.स. | भू- उपयोग किसिम | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|---|
| १० | अन्य | ५३.९१ | ५३.९१ | २.१२ |
| | **जम्मा** | **२५४२.००** | **२५४२.००** | **१००.००** |

*स्रोतः माटो व्यवस्थापन निर्देशनालय, सिन्धुपाल्चोक जिल्लाको माटोको उर्वराशक्ति नक्सा, २०७५*

## १.५ हावापानी

भौगोलिक अवस्थिति, हिमाल नदीनाला आदिको कारण जिल्लामा विविध प्रकारको हावापानी रहेको पाइन्छ। उचाईको वृद्धि सँगसँगै चिसोको मात्रामा वृद्धि हुँदै जान्छ। यहाँ तातो हावा बहने बेसींदेखि बाह्रै महिना हिउँले ढाकिरहने हिमश्रृङखलाहरू रहेका छन्। यो जिल्लामा खास गरेर चार किसिमको हावापानी पाइन्छ।

### हिमाली हावापानी

१६००० फिटभन्दा माथि सधै हिउँ जमिरहने हुनाले यहाँको हावापानी ज्यादै ठण्डी  हुन्छ । यहाँ कतैकतै लेउ, झ्याउ आदि वनस्पति पाइए तापनि अन्य बोटविरुवा हुँदैनन् । सँधै कठ्याङ्ग्रिने हावापानी भएको यस क्षेत्र मानव बसोबासको लागि त्यति उयुक्त मानिदैन ।

### लेकाली हावापानी

१३००० फिटदेखि १६००० फिटसम्मको उचाईमा यस किसिमको हावापानी पाइन्। यो भू-भाग खेतीको लागि उपयुक्त छैन। हिउँदमा हिउँको कारण केही गर्न नसकेतापनि वर्षायाममा भने भेडा, च्याङ्ग्रा चराउनको लागि यो ठाउँ उपयुक्त छ। हावापानी ज्यादै चिसो हुने हुनाले यहाँ मानिसको वस्ती त्यति भेटिंदैन।

### समशितोष्ण हावापानी

७००० फिटदेखि १३००० फिटसम्मको उचाईमा यस खालको हावापानी पाइन्छ। यस क्षेत्रमा चौरी, भेडा, च्याङ्ग्रा पाल्नुका साथै आलु खेतीको लागि यो खालको हावापानी राम्रो मानिन्छ। हिउँदमा चिसो र वर्षामा न्यानो हुने हुनाले यस्तो हावापानी भएको क्षेत्रमा कम घना बस्तीहरू पाइन्छन्। यहाँ धुपी, सल्ला र गुराँस जस्ता बोटविरुवा पाउनुको साथै खाद्यान्न, तरकारी तथा नगदेबालीको खेती गर्ने गरिन्छ।

### उपोष्ण हावापानी

२४५० फिटदेखि ७००० फिटसम्मको उचाईमा यस प्रकारको हावापानी पाइन्छ। जाडोमा त्यति जाडो नहुने र गर्मी नहुने यो क्षेत्र  खाद्यान्न, तरकारी तथा फलफूल बाली उत्पादनका लागि ज्यादै

उपयुक्त छ। यहाँ साल, सिसौ, लाँकुरी, चाँप आदि बोटबिरुवाहरू पाइन्छन्। कृषि तथा पशुपालनको लागि यो क्षेत्र उपयोगी रहेको छ।

## १.६ वर्षा तथा तापक्रमको विवरण (औषत)

| | | |
|---|---|---|
| वार्षिक वर्षा | : | १६१५ मि.ली. |
| अधिकतम तापक्रम | : | ३२.५ डि.से. |
| न्यूनतम तापक्रम | : | ५ डि. से. |

*स्रोत: माटो व्यवस्थापन निर्देशनालय, सिन्धुपाल्चोक जिल्लाको माटोको उर्वराशक्ति नक्सा २०७५*

## १.७ प्रमुख नदिनाला, ताल र पोखरी

इन्द्रावती, भोटेकोशी, सुनकोशी नदीहरूदेखि बलेफी (ब्रम्याणी), मेलम्ची, सिन्धुखोला, गोहोरेखोला, झ्याँडीखोला, हाँडीखोला, तौथलीखोला, बाफलखोला, जस्ता खोलाहरू यहाँका प्रमुख नदिनालाहरू हुन् । पाँचपोखरी, भैरवकुण्ड, गुम्बा ताल, सूर्यकुण्ड, नौलिङ्ग कुण्ड, धुप कुण्ड, गुन्यु ताल आदि यहाँका प्रमुख ताल तथा पोखरीहरू हुन् ।

## १.८ प्राकृतिक सम्पदा

यस जिल्लामा विभिन्न प्रकारका वन पैदावर, गैरकाष्ठ वन पैदावर, पशुपंक्षी, पुतली, सरिसृप, नदिनाला, ताल तलैया तथा छहरा लगायतका प्राकृतिक सम्पदाहरू पाइन्छन् । गैर काष्ठ वन पैदावरहरूमध्ये जिल्लाको तल्लो भुभागमा अमला, सर्पगन्धा, कुरिलो, नूनढिकी आदि पाइन्छन् । मध्यवर्ती क्षेत्रमा धसिङ्गरे, सुगन्धवाल, ठूलो ओखती, टिमुर, इन्द्रेणी लहरा, मजिठो, बाँस, निगालो, केतुकी आदि भेटिन्छ। अग्ला भू-भागहरूमा लोंठसल्ला कुट्की, झ्याउ, पदमचाल, जटामासी, यार्सागुम्बा, पाँचऔंले, चिराइतो, सुनपाती, अल्लो, अर्गेली, लोक्ता, लालीगुराँस आदि रहेका छन् । राष्ट्रिय निकुन्ज समेत स्थापित यस जिल्लामा चितुवा, भालू, स्याल, बाँदर, बँदेल, थार, जरायो, रातो मृग, कस्तुरी मृग, लगायतका वन्यजन्तु पाइन्छन् । पंक्षीहरूमा मुनाल, मयुर, डाँफे, काग, कोइली, कालिज, तित्रा, ढुकुर, जुरेली, फिस्टा, चिबे, लामपुछ्रे, राजहाँस, बकुल्ला, भुँडिफोर, भद्राई जस्ता स्थायी बसोबास गर्ने प्रजातिहरू रहेका छन् भने घुमन्ते प्रजातिका पंक्षीमा करयाङकुरुङ पाइन्छ । सरिसृप वर्गमा सर्प, गोहोरा, छेपारो र भालेमुंग्रो भेटिन्छ । यस जिल्लामा रहेका छहराहरूमा तातोपनीको छहरा, काङलाङको छहरा, बलेफी नजिकको छहरा, लिदि नजिकको छहरा, भैरवकुणडस्थित खोलाको छहरा आदि हुन् ।

## १.९ जनसंख्याको विवरण

| | | |
|---|---|---|
| कुल जनसंख्या | : | २,६२,६२४ |
| पुरुष | : | १,२९,२०५ (४९.२%) |
| महिला | : | १,३३,४१९ (५०.८%) |
| परिवार संख्या | : | ७१,७७३ |
| व्यक्ति प्रति परिवार | : | ३.६६ व्यक्तिहरू प्रति परिवार |
| जनघनत्व | : | १०३ जना प्रति वर्ग कि.मी. |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## १.१० प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरू

| क्र.सं. | प्रमुख स्थलहरू | पालिका | प्रसिद्ध |
|---|---|---|---|
| १ | तातोपानी | भोटेकोशी | तातोपानी स्थान |
| २ | हेलम्बु | हेलम्बु | हिमाली श्रृंखला, सुंस्कृति, गुम्बा हावापानी, पदयात्रा |
| ३ | पाँचपोखरी | पाँचपोखरी थाङपाल | दृश्यावलोकन, धार्मिक केन्द्र, इन्द्रावतीको मुहान |
| ४ | जुगल हिमाल (६७९९) | जुगल | हिमाली दृश्यावलोकन |
| ५ | भैरवकुण्ड | भोटेकोशी | सुन्दर ताल तथा झरना |
| ६ | दुगुनागढी | भोटेकोशी | युद्व किल्ला |
| ७ | भेमटाङ | पाँचपोखरी थाङपाल | १०८ फोहोरा, मेलम्चीको मुहान |
| ८ | पाताल गुफा/ सदाशिव गुफा | मेलम्ची | प्राकृतिक रहस्य |
| ९ | ताम्चे | लिसंखुपाखर | दृश्यावलोकन |
| १० | नयाँपुल | भोटेकोशी | बन्जी जम्प |

| क्र.सं. | प्रमुख स्थलहरू | पालिका | प्रसिद्ध |
|---|---|---|---|
| ११ | गौराती भिमेश्वर | चौतारा सांगाचोकगढी | धार्मिक केन्द्र |
| १२ | गाङजाला भञ्याङ | पाँचपोखरी थाङपाल | पदयात्रा, जिल्लाको सर्वोच्च भन्ज्याङ |
| १३ | त्रिपुरासुन्दरी मन्दिर | त्रिपुरासुन्दरी | ऐतिहासिक भगवती मन्दिर |
| १४ | पालचोक भगवती | हेलम्बु | धार्मिकस्थल, दृश्यावलोकन |

## १.११ भू-स्वामित्वको स्थिति

लालपूर्जामा स्वामित्वको विवरण (प्रतिशत)

| | | |
|---|---|---|
| महिला | : | ११.३% |
| पूरुष | : | ८८.०% |
| थाहा नभएको | : | ०.७% |

*स्रोतः माटो व्यवस्थापन निर्देशनालय, सिन्धुपाल्चोक जिल्लाको माटोको उर्वराशक्ति नक्सा २०७५*

## १.१२ सिचांईको स्थिति

| | | |
|---|---|---|
| कूल कृषि योग्य जमिन | : | ७३,७१० हेक्टर |
| हाल खेती भईरहेको क्षेत्रफल | : | ४७,४७५ हेक्टर |
| खेती गरिएको मध्ये कूल सिचिंत क्षेत्रफल | : | १६,०६० हेक्टर |
| वर्षभरी सिंचाई हुने क्षेत्रफल | : | ३,९१० हेक्टर |
| मौसमी सिंचाई हुने क्षेत्रफल | : | १२,१५० हेक्टर |

*स्रोतः माटो व्यवस्थापन निर्देशनालय, सिन्धुपाल्चोक जिल्लाको माटोको उर्वराशक्ति नक्सा २०७५*

## १.१३ खाद्यान्न उत्पादन र उपलब्धता स्थिति

सिन्धुपाल्चोक जिल्लाको खाद्यान्न उत्पादको अवस्था

| क्र.स. | वाली | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट. /हे.) |
|---|---|---|---|---|
| १ | धान | ९३३५ | २७७७१ | २.९७ |
| २ | मकै | २६२९८ | ७८८९४ | ३ |
| ३ | गहुँ | ६८९८ | १११७५ | १.६२ |
| ४ | कोदो | १७५५० | २३६९३ | १.३५ |
| ५ | आलु | ३६२० | ६६४२७ | १८.३५ |
| ६ | तरकारी | ३८९५ | ४६९९४ | १२.०७ |
| ७ | दलहन | १५३० | १४२८ | ०.९३ |
| ८ | तेलदन | ४६६ | ४७५ | १.०२ |
| ९ | फलफूल | १०८३ | ८८५९ | ८.१८ |
| १० | अलैंची | १७६ | ६८ | ०.६२ |
| ११ | कफी | ९९ | ३२ | ०.३२ |

*Source: Statistical information on Nepalese Agriculture 2079/80*

**बिगत दश वर्षदेखिको नेपालमा आलुको क्षेत्रफल, उत्पादन र उत्पादकत्व विवरण**

| बर्ष | क्षेत्रफल (हे) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे) |
|---|---|---|---|
| २०१२/१३ | १९७२३४ | २६९०४२१ | १३.६४ |
| २०१३/१४ | २५५७२५ | २८१७५१२ | १३.७० |
| २०१४/१५ | १९७०३७ | २५८६२८७ | १३.१३ |
| २०१५/१६ | १९९९७१ | २८०५५८२ | १४.०३ |
| २०१६/१७ | १८५८७९ | २५९१६८६ | १३.९४ |
| २०१७/१८ | १९५२६८ | ३०८८००० | १५.८१ |

| बर्ष | क्षेत्रफल (हे) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे) |
|---|---|---|---|
| २०१८/१९ | १९३९९७ | ३११२९४७ | १६.०५ |
| २०१९/२० | १८८०९८ | ३१३१८३० | १६.६५ |
| २०२०/२१ | १९८७८८ | ३३२५२३१ | १६.७३ |
| २०२१/२२ | १९८२५६ | ३४१०८२९ | १७.२० |
| २०२२/२३ | २०३८१२ | ३४८७८१६ | १७.११ |

*Source: Statistical information On Nepalese Agriculture 2079/80*

# आलुबाली विकास केन्द्र, निगालेको परिचय

## २.१ ऐतिहासिक पृष्ठभूमि

वि.स. २०२७/२८ मा स्विस पदयात्रीहरू लामोसाँघुबाट सोलुखुम्बु जाने पैदल मार्गमा पर्ने यस रमणीय स्थलमा आफ्नो विश्राम गर्ने स्थलको र स्थानीयसंग नजिकिने क्रममा आलु उत्पादनको लागि जग्गा भाडामा लिएर डेजिरे, सि.एफ.जे. र लेडि रोजिटा जातका विकासे आलुको जातहरू खेतीका लागि लगाउन प्रोत्साहित गरेको स्थानीय अग्रजहरूको कथन रहेको छ। हालको नेपाल सरकारले (तत्कालीन श्री ५ को सरकार) वि.स. २०३२/३३ बाट उक्त स्विसहरूबाट कार्यारम्भ गरिएको १०८ रोपनी १३ आना जग्गामा विधिवत रूपमा यस केन्द्र स्थापना गरेको हो।

हाल सम्मको समयको विविध कालखण्ड आरोह अवरोह पार गर्ने क्रममा यस केन्द्रले आलुबालीको बीउ उत्पादन गरी कृषकलाई उपलब्ध गराउने, अनुसन्धानमा सहयोग गर्न र दक्ष जनशक्ति विकासमा योगदान पुर्याउने सँगसँगै केहि कठिन चुनौतीहरू पनि पार गर्ने अवसरलाई पनि आत्मसाथ गर्यो। द्वन्दको दौरान २०५९/०१/०६ गते मध्य रात र २०६१/०२/०३ गते गरी २ पटक यस केन्द्रले क्षति बेहोरेको थियो। क्षति पश्च्यातको पुनः निर्माण नहुन्जेल केन्द्रको सम्पर्क कार्यालय मुढे बजारमा रहेको थियो। मिति २०६९ को श्रावणबाट यस केन्द्र आफ्नो नव निर्मित भवनहरूमा पूर्ण रूपमा सरेको छ।

## २.२ फार्म केन्द्रको संक्षिप्त परिचय र प्रभाव कार्य क्षेत्र

### २.२.१ संक्षिप्त परिचय

राष्ट्रको आलुबाली विकास कार्यक्रमलाई सहयोग पुर्याउन बीउ आलु, आलु बीयाँ (TPS) उत्पादन एवं अन्य आलु उत्पादन सम्बन्धी प्रविधिको विकास गर्ने उद्देश्यले वि.सं.२०३२ सालमा सिन्धुपाल्चोक जिल्लाको तत्कालिन जेठल गा.वि.स वार्ड नं. ९ हाल लिसंखुपाखर गाउँपालिका वडा नं. ५ निगालेमा यस केन्द्रको स्थापना भएको हो। स्थापना काल देखि गुणस्तरीय बीउ उत्पादनको अलवा आलु उत्पादन प्रविधिहरू बाह्य सेवा कार्यक्रम अन्तरगत कृषक समुदायमा हस्तान्तरण गर्ने, प्राविधिक सेवाटेवा एवं स्थलगत तालिम, प्रदर्शन आदि कार्यक्रम संचालन गरी आलु बाली विकास सम्बन्धि कार्य गर्दै आएको छ।

यस केन्द्रले स्थापनाकाल वि.सं. २०३२ देखि नै राष्ट्रियस्तरमा आलुबाली विकासका कार्यक्रमहरू मध्ये बीउ आलु उत्पादनमा प्रमुख भूमिका खेल्दै आएकोमा आ.व. २०४४/०४५ मा खैरो पिप चक्के

रोगको कारण बीउ आलु उत्पादन कार्यक्रम बन्द हुन पुग्यो। तथापि खैरो पिप चक्के रोगको नियन्त्रण एवं व्यवस्थापन गर्दै रोग नियन्त्रणमा ल्याई आ.व.२०५२/०५३ देखि पुनः बीउ आलु उत्पादन कार्यक्रमको साथै वाह्य सेवा संचालन कार्यक्रम तथा बीयाँबाट आलु खेती प्रविधिको प्रसार समेत गर्दै वि.सं.२०५४/०५५ देखि आलु बीयाँ समेत उत्पादन गर्न सक्षम भई हाल वार्षिक औसत १९ के.जी. आलु बीयाँ, आ.व. २०७६/०७७ देखि पुर्व मुल बीउ PBS, आ.व. २०७७/०७८ देखि तन्तु प्रजनन् प्रयोगशाला सन्चालनमा ल्याई इन्भिट्रो विरुवा उत्पादन गर्नुका साथै करिब १८ टन विभिन्न जातका विभिन्न पुस्ताका बीउ आलु उत्पादन र विक्रि गर्दै आएको छ।

### २.२.२ भौगोलिक स्थिति

यो केन्द्र बागमती प्रदेश अन्तर्गत सिन्धुपाल्चोक जिल्ला, लिसंखुपाखर गाउँपालिका वडा नं. ५ को निगाले भन्ने स्थानमा रहेको छ। समुद्र सतह देखि २५०० मिटरको उचाईमा यस केन्द्र रहेको छ। यो केन्द्र उत्तरी अक्षांश २७°४०'४५" तथा पूर्वी देशान्तर ८५°५६'१" मा अवस्थित रहेको छ।

### २.२.३ हावापानी

- ✓ शितोष्ण हावापानी
- ✓ न्युनतम तापक्रमः -२°C
- ✓ अधिकत तापक्रमः २४°C
- ✓ वार्षिक औसत अधिकत तापक्रम १५° सेल्सियस र न्यूनतम तापक्रम ९° सेल्सियस
- ✓ वार्षिक औसत आर्द्रता ८२ प्रतिशत
- ✓ वार्षिक औसत बर्षा २२०० मि.मि. - ३२०० मि.मि.

आषाढ, श्रावण र भाद्र महिनामा अत्यधिक बर्षा हुने, कार्तिक देखि तुषारो पर्ने, पुष, माघ र फाल्गुणमा हिउँ पर्ने गर्दछ। फाल्गुण देखि बैशाख सम्म हावाहुरी र असिना पर्दछ।

## २.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरू

### २.३.१ दीर्घकालिन सोच

- आलु बाली उत्पादनका आवश्यक सबै पक्षहरूको विकास गरी कृषि क्षेत्रको बागवानी उप-क्षेत्र अन्तर्गत आलु उत्पादन तथा व्यवसायीकरण पक्षलाई समृद्ध बनाउने ।

### २.३.२ लक्ष्य

- गुणस्तरयुक्त बीउ आलु तथा आलु बीयाँ (TPS) उत्पादन गरी कृषक समुदायमा बीउ एवं

प्रविधि हस्तान्तरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गरि पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता र गरिबी निवारणको राष्ट्रिय उद्देश्यमा सहयोग पुर्याउने ।

### २.३.३ उद्देश्यहरू

- आलु बालीहरूको पि. बि. एस., टि. पि. एस. तथा बिभिन्न पूस्ताका बीउ उत्पादन गरी बीउ उत्पादक कृषकलाई बितरण गर्ने।
- आलुबालीहरूको तन्तु प्रजनन् प्रयोगशालावाट भाइरस मुक्त गरिएका इन्भिट्रो विरुवाहरू उत्पादन गरी पि. वि. एस. उत्पादक फार्म केन्द्र तथा कृषक संस्थाहरूलाई वितरण गर्ने।
- आलु बालीहरूको जातिय संरक्षण र सम्बर्धन गर्ने।
- आलु बालीमा समस्यामूलक परिक्षणहरू गर्ने।
- बीउ आलु उत्पादक कृषकलाई प्राविधिक सेवाटेवा उपलब्ध गराउने।
- बीउ आलुको गुणस्तर नियन्त्रण तथा सुपरिबेक्षण गर्ने।
- बीउ आलु उत्पादक कृषकहरूलाई बीउ आलु उत्पादन सम्बन्धमा तालिम दिने।

## २.४ प्रभाव कार्यक्षेत्र

- पहिलो प्रभाव क्षेत्र- सिन्धुपाल्चोक ,दोलखा ,काभ्रे र रामेछाप
- दोस्रो प्रभाव क्षेत्र- देशैभरीका आलु उत्पादनहुने क्षेत्र तथा संलग्न हुने निकाय र कृषकहरू

## २.५ कार्य विवरण, जनशक्ति र प्रमुख कार्यहरू

### २.५.१ कार्य विवरण

- आलु बालीको पि. बि. एस. उत्पादन गर्ने।
- आलु बीयाँ टि. पि. एस उत्पादन गर्ने।
- आलुबालीहरूको तन्तु प्रजनन् प्रयोगशालावाट भाइरस मुक्त गरिएका इन्भिट्रो विरुवाहरू उत्पादन गर्ने।
- आलु बालीहरूको जातिय संकलन र सम्बर्धन गर्ने।
- नयाँ आलु बालीहरूको जातिय परिक्षण अध्ययन गर्ने।
- बिभिन्न पूस्ताका बेसिक बीउ आलु उत्पादन गरी बीउ उत्पादक कृषकलाई बिक्रि बितरण गर्ने।

- आलु बीयाँबाट आलु उत्पादन प्रदर्शन गर्ने।
- बीउ आलु उत्पादक कृषकलाई प्राविधिक सेवाटेवा उपलब्ध गराउने।
- बीउ आलु उत्पादक कृषकहरूलाई बीउ आलु उत्पादन सम्बन्धमा तालिम दिने।

## २.५.२ जनशक्ति

**स्थायी दरबन्दी र पदपूर्ति**

| क्र.स. | पद | श्रेणी | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बरिष्ठ बागवानी विकास अधिकृत | रा.प.द्बितीय (प्रा.) | १ | १ | ० | |
| २ | माटो विज्ञ | रा.प. तृतीय (प्रा.) | १ | ० | १ | |
| ३ | बागवानी विकास अधिकृत | रा.प. तृतीय (प्रा.) | २ | १ | १ | FANSEP काजमा |
| ४ | बाली संरक्षण अधिकृत | (.रा.प. तृतीय (प्रा | १ | ० | १ | |
| ५ | प्राविधिक सहायक | रा.प.अनं प्रथम (प्रा.) | ४ | ३ | १ | PMAMP काजमा |
| ६ | खरिदार | रा.प.अनं द्बितीय (प्र.) | १ | १ | ० | |
| ७ | सहलेखापाल | रा.प.अनं द्बितीय (प्र.) | १ | १ | ० | |
| ८ | ह.स.चा. | श्रेणी विहिन | १ | ० | १ | |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | १ | २ | |
| | जम्मा | | १५ | ८ | ७ | |

## २.५.३ केन्द्रमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | कर्मचारीको नाम थर | पद | श्रेणी | शैक्षिक योग्यता | कर्मचारीको स्थायी ठेगाना | सम्पर्क नं. | ईमेल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अरुण खनाल | बरिष्ठ बाग. वि. अ. | रा. प. द्वि. (प्रा.) | स्नातकोत्तर, बागवानी | म्याग्दे१-, तनहुँ | ९८५१२३५८१६ | arunkhanaloom@gmail.com | |
| २ | रितेस कुमार झा | बागवानी वि. अधिकृत | रा. प. तृ. (प्रा.) | स्नातक तह | पिपरा गाउँपालिका १, एकरिहया, महोत्तरी | ९८६५१५९०५६ | | काजमा **FANSEP** |
| ३ | हिमाल भुसाल | प्राविधिक सहायक | रा. प. अनं. प्रथम | बि. एसी. एजी | ऐरावती गा.पा.०६-, प्युठान | ९८४९७०८२६५ | himalagri@gmail.com | |
| ४ | सुनिल कुमार चौधरी | प्राविधिक सहायक | रा. प. अनं. प्रथम | आई.एस्सी.एजी | गुजरा न.पा.०७, रौतहट | ९८६४४१०४६७ | chaudharysunil9988@gmail.com | |
| ५ | छबिन अधिकारी | खरिदार | रा. प. अनं. (द्वि.) | स्नातकोत्तर | भद्रपुर२-, झापा | ९८४२६८४१०० | chhabinad@gmail.com | |
| ६ | भानुभक्त पोखेल | सहलेखापाल | रा. प. अनं. (द्वि.) | स्नातक तह | खोटेहाङ छ खोटाङ (दुहबी ४ सुनसरी) | ९८६३९७१९८३ | bhanupokharel2060@gmail.com | |
| ७ | हरिगोपाल आचार्य | प्राविधिक सहायक | रा. प. अनं. प्रथम | आई.एस्सी.एजी | म्याङलुङ ४, तेह्रथुम | | | काजमा **PMAMP** |
| ८ | देब ब. श्रेठ | कार्यालय सहयोगी | श्रेणी बिहिन | १० कक्षा | लिसंखुपाखर ०५, सिन्धुपाल्चोक | ९६१६४४६५०४ | | |
| | परामर्श/करार | | | | | | | |
| १ | बिजय राना मगर | बायोटेक्नोलोजिस्ट अधिकृत | | बि. टेक. बायोटेक्नोलोजी | सुनवल न.पा.०३-, नवलपरासी पश्चिम | ९८४३५३५५१९ | bijayarana2051@gamail.com | परामर्श |
| २ | कृष्ण नाथ योगी | प्राविधिक सहायक | रा. प. अनं. प्रथम | आई. एस्सी. एजी | शुभकालिका गा.पा.०२, कालिकोट | ९८५८०५८०५५ | yogikrishna43@gmail.com | करार |
| ३ | रिता सापकोटा | बायोटेक्नोलोजिस्ट सहायक | | स्नातक बायोटेक्नोलोजी | कानेपोखरी००-, मोरङ | ९८४८४४०२३४ | btech.rita.sapkota03@gmail.com | परामर्श |
| ४ | जगदीश पौडेल | ह. स. चा. | श्रेणी बिहिन | | मेलुङ दोलखा | ९८४१४२८४८५ | | करार |
| ५ | कृष्ण ब. श्रेठ | कार्यालय सहयोगी | श्रेणी बिहिन | | भिमेश्वर न.पा ०९, दोलखा | ९८४०५८८३०५ | | करार |
| ६ | अनु श्रेठ | कार्यालय सहयोगी | श्रेणी बिहिन | | भिमेश्वर न.पा ०९, दोलखा | ९८६९१६६७८८ | | करार |
| ७ | राजकुमार श्रेठ | चौकीदार/पाले | श्रेणी बिहिन | | लिसंखुपाखर ०५, सिन्धुपाल्चोक | ९७४५४०२१५० | | करार |
| ८ | ओम ब. श्रेठ | चौकीदार/पाले | श्रेणी बिहिन | | लिसंखुपाखर ०५, सिन्धुपाल्चोक | ९८०८९०९३२५ | | करार |
| ९ | रिना जोशी | बगैंचे | श्रेणी बिहिन | | लिसंखुपाखर ०५, सिन्धुपाल्चोक | ९८४३४९७७१२ | | करार |

## २.५.४ प्रमुख कार्यहरू

यस केन्द्रको प्रमुख कार्य यस प्रकारका रहेका छन्-

१) उत्पादन तथा बिक्री वितरण कार्य - पि. बि. एस.,बेसिक बीउ, आलुबालीको ईनभिट्रो बिरुवा, टि. पि. एस. तथा तरकारी वेर्ना उत्पादन तथा वितरण।

२) आलुबालीको प्रविधि अध्ययन परिक्षण, प्रदर्शन तथा प्रविधि हस्तान्तरण।

३) स्थलगत तथा केन्द्रमा आवासीय तालिम कार्यक्रम।

४) आलुबालीका जर्मप्लाज्म संकलन तथा सम्बर्द्धन।

५) बाली उपचार शिबिर तथा माटो परिक्षण शिबिरहरू सन्चालन।

६) आलुबाली विकाससँग सम्बन्धित विबिध प्रकारका समस्यामा आधारित कार्यक्रमहरू सन्चालन।

## २.६ भौतिक पूर्वाधारको अवस्था

### भू-उपयोग विवरण

नापी प्रणालीद्वारा गरिएको नापी अनुसार केन्द्रको कूल क्षेत्रफल १०८ रोपनी १३ आना रहेको छ।

| जग्गा उपयोगको स्थिती | इकाई | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| क) खेती गरिएको क्षेत्रफल | हेक्टर | ३.८१६ | ६८.९३ |
| ख) सिजनल बालीले ढाकेको क्षेत्रफल | हेक्टर | ३.७६१ | ६७.९४ |
| ग) बहु बर्षिय बालीले ढाकेको क्षेत्रफल (किवि) | हेक्टर | ०.०५५ | ०.९९ |
| घ) कार्यालय भवन, फार्म सिंचाई र सडक पूर्वाधारले ढाकेको क्षेत्रफल | हेक्टर | ०.६६१ | ११.९४ |
| ङ) बन, खोल्सा तथा अन्य | हेक्टर | १.०५८७ | १९.१३ |
| जम्मा (१०८ रोपनी १३ आना) | हेक्टर | ५.५३५७ | १०० |
| च) भाडामा लिई खेति गरिएको क्षेत्रफल (१७.५ रोपनी) | हेक्टर | ०.८९ | |

## २.७ स्थापना कालदेखि हालसम्म कार्यरत केन्द्र प्रमुखहरू

| क्र.सं. | नाम | कार्य अवधि | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १ | महेश्वर सापकोटा | २०३३ श्रावन | २०३४ श्रावन |
| २ | भोलाप्रसाद अधिकारी | २०३४ श्रावन | २०३४ कार्तिक |
| ३ | हिरामणी अधिकारी | २०३४ कार्तिक | २०३७ आश्विन |
| ४ | गजेन्द्र सेन निरौला | २०३७ आश्विन | २०४० माघ |
| ५ | तारालाल लामा | २०४० माघ | २०५० जेष्ठ |
| ६ | श्याप्रसाद ढकाल | २०५० जेष्ठ | २०६२ माघ |
| ७ | नारायणप्रसाद भण्डारी | २०६२ चैत्र | २०६७ आश्विन |
| ८ | राजेशकुमार के.सी. | २०६७ फाल्गुन | २०७० आश्विन |
| ९ | कृष्णप्रसाद पौडेल | २०७० कार्तिक | २०७६ चैत्र |
| १० | हरिप्रसाद गुरुङ | २०७६ चैत्र | २०७७ भाद्र |
| ११ | बिजय कुमार गिरी | २०७७ भाद्र | २०८० फागुन |
| १२ | सुदिप रेग्मी (निमित्त केन्द्र प्रमुख) | २०८० चैत्र | २०८१/०६/२८ |
| १३ | बिजय कुमार गिरी | २०८१/०६/२९ | २०८१/०८/०२ |
| १४ | डोलराज पाण्डे (निमित्त केन्द्र प्रमुख) | २०८१/०८/२८ | २०८१/१२/१९ |
| १५ | अरुण खनाल | २०८१/१२/२० | हालसम्म |

## २.८ केन्द्रमा रहेका प्रमुख जिन्सी माल सामानको विवरण

| क्र.सं. | सामानको नाम | मौजात | सबुत | मर्मत हुन सक्ने | मर्मत हुन नसक्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अफिस टेवुल | १९ | ११ | ८ | ० | |
| २ | टि टेवुल | १६ | १४ | २ | ० | |
| ३ | काठको टुल | ६ | ३ | १ | २ | |
| ४ | काठको दराज | ५ | ५ | ० | ० | |
| ५ | स्टिल दराज | ११ | ११ | ० | ० | |

| क्र.सं. | सामानको नाम | मौजात | सबुत | मर्मत हुन सक्ने | मर्मत हुन नसक्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| ६ | फोल्डिङ्ग मेच | २ | १ | ० | १ | |
| ७ | पलङ्ग/खाट | ३४ | १६ | ० | १८ | |
| ८ | काठको र्याक/ रेक | १४ | १० | ० | ४ | |
| ९ | सोलार ड्रायर | ४ | ४ | ० | ० | |
| १० | सेण्टर टेवुल | १ | १ | ० | ० | |
| ११ | आलु सुकाउने फ्लोर | ११ | ११ | ० | ० | |
| १२ | साइड युनिट अफिस टेबल | १ | १ | ० | ० | |
| १३ | पुसब्याक रिभोल्भिङ मेच | १ | १ | ० | ० | |
| १४ | काठको बोर्ड | १ | १ | ० | ० | |
| १५ | एडिसिगं टेबल | १ | १ | ० | ० | |
| १६ | स्टिल दराज लकर-२ र्याक -२ | ६ | ६ | ० | ० | |
| १७ | अफिस रिभल्भिङ्ग मेच | १ | १ | ० | ० | |
| १८ | सोफा | १ | १ | ० | ० | |
| १९ | काठको दराज | ४ | ४ | ० | ० | |
| २० | मोटर साईकल | ४ | ३ | १ | ० | |
| २१ | निसान जिप | १ | | | | |
| २२ | टोयोटा पिकअप | १ | ० | ० | १ | बिग्रिएर थन्केको |
| २३ | गोरु | ४ | ४ | ० | ० | |
| २४ | कम्प्युटर | ८ | ६ | ० | २ | |
| २५ | प्रिण्टर | ५ | ५ | ० | ० | |

| क्र.सं. | सामानको नाम | मौजात | सबुत | मर्मत हुन सक्ने | मर्मत हुन नसक्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| २६ | यु.पि.एस. ब्याट्री | २ | १ | ० | १ | |
| २७ | इन्क्युवेटर | ३ | १ | ० | २ | |
| २८ | ह्याण्ड सूजर रिफ्याक्ट्रो मिटर | २ | २ | ० | ० | |
| २९ | क्यामरा | २ | १ | ० | १ | |
| ३० | इन्भर्टर ८८० भोल्ट | १ | १ | ० | ० | |
| ३१ | इजिप्ट ब्याट्री | १ | १ | ० | ० | |
| ३२ | रेफ्रिजरेटर | १ | १ | ० | ० | |
| ३३ | ल्यापटप | ५ | ४ | १ | ० | |
| ३४ | पानी तान्ने पम्प | २ | १ | ० | १ | |
| ३५ | माउस वायरलेस | १ | ० | ० | १ | |
| ३६ | जि.पि.एस. मेसिन | १ | १ | ० | ० | |
| ३७ | जेनरेटर ५ के. भि. | १ | ० | १ | ० | |
| ३८ | क्यामरा लेन्स ७५० एम. एम. | १ | ० | ० | १ | |
| ३९ | सि.डि.एम.ए. फोन | ३ | २ | ० | १ | |
| ४० | भ्याकुम क्लिनर | २ | २ | ० | ० | |
| ४१ | ग्यास गिजर सेट | १ | १ | ० | ० | |
| ४२ | डिजिटल व्यालेन्स | २ | १ | ० | १ | |
| ४३ | ग्यास हिटर | २ | २ | ० | ० | |
| ४४ | सोलार प्यानल | ४ | ४ | ० | ० | |
| ४५ | इन्भटर | २ | २ | ० | ० | |
| ४६ | हाइ प्रेसर पम्प | १ | ० | ० | १ | |

| क्र.सं. | सामानको नाम | मौजात | सबुत | मर्मत हुन सक्ने | मर्मत हुन नसक्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| ४७ | A/C सेट | ६ | ६ | ० | ० | |
| ४८ | Stabilizer 5 KVA | २ | २ | ० | ० | |
| ४९ | सामसुङ मोबाइल | १ | १ | ० | ० | |
| ५० | फोटोकपी मेशिन | ३ | ० | ३ | ० | |
| ५१ | स्क्यानर | १ | १ | ० | ० | |
| ५२ | जेनरेटर २० के. भि. | १ | १ | ० | ० | |
| ५३ | Aqua osmo filter | १ | १ | ० | ० | |
| ५४ | टि.भि. | २ | २ | ० | ० | |
| ५५ | १४ इन्च LED Monitor | १ | १ | ० | ० | |
| ५६ | ट्रान्सफर्मर १०० के.भि.ए | १ | १ | ० | ० | |
| ५७ | जुसर मेशिन | २ | १ | ० | १ | |
| ५८ | स्प्रेयर/पावर स्प्रेयर | १२ | २ | ३ | ७ | |
| ५९ | पानी ट्याकीं 1000 लि. | २ | २ | ० | ० | |
| ६० | पावर टिलर | ५ | २ | १ | २ | |
| ६१ | ट्रयाक्टरको कल्टी | २ | ० | ० | २ | |
| ६२ | १२ एम.एम. डण्डी | ४१४४ | ३१९२ | ० | ८५० | |
| ६३ | ड्रिल मेसिन | १ | ० | १ | ० | |
| ६४ | आलुको ग्रेडर मेसिन | १ | १ | ० | ० | |
| ६५ | डिजिटल ब्यालेन्स | ३ | २ | ० | १ | |
| ६६ | Budding and Grafting Knife | १ | १ | ० | ० | |
| ६७ | हिलटेक टकीं हेभी १००० लि. | ३ | ३ | ० | ० | |

| क्र.सं. | सामानको नाम | मौजात | सबुत | मर्मत हुन सक्ने | मर्मत हुन नसक्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| ६८ | हिलटप टर्की | २ | १ | ० | ० | |
| ६९ | ग्यास सिलिण्डर | ५ | ५ | ० | ० | |
| ७० | Rice pressure cooker | ३ | ३ | ० | ० | |
| ७१ | केन्द्रको जग्गा | -१०८<br>-१३<br>४-६ | -१०८<br>-६-१३<br>४ | | | रोपनीमा |
| ७२ | उपकरण सहितको तन्तु प्रजनन् प्रयोगशाला | १ | १ | | | |

## २.९ आलुको जर्मप्लाज्मको विवरण

| क्र. सं. | आलुको जात | उत्पादकत्व (टन प्रति हेक्टर) | वनस्पतिक स्वरूप (बोटको आकार र आलुको दाना) | रोग अवरोधक क्षमता |
|---|---|---|---|---|
| १ | निलप्रसाद सेतो | २५ | ➢ होचो<br>➢ सेतो बोक्रा भएको | ➢ Highly susceptible to blight |
| २ | गाँजले | ३३.९२ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Tolerant to blight |
| ३ | मिरा | २५.२ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Slightly susceptible to blight |
| ४ | जिरी चक्रे | २७.४४ | ➢ मध्यम<br>➢ बैजनी बोक्रा भएको | ➢ Susceptible |
| ५ | तुने लोकल | १६ | ➢ होचो<br>➢ रातो बोक्रा भएको | ➢ Highly susceptible |
| ६ | मुस्ताङ्ग लोकल सेतो | १४.८८ | ➢ होचो<br>➢ सेतो बोक्रा भएको | ➢ Susceptible |

| क्र. सं. | आलुको जात | उत्पादकत्व (टन प्रति हेक्टर) | वनस्पतिक स्वरूप (बोटको आकार र आलुको दाना) | रोग अवरोधक क्षमता |
|---|---|---|---|---|
| ७ | थोतेकाली खिम्ती | ४४.०८ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Slightly tolerant to blight |
| ८ | धुन्चेडाँडा स्थानिय | ४७.२ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Tolerant |
| ९ | पेरीकोली | ३९.२ | ➢ अग्लो<br>➢ रातो बोक्रा भएको | ➢ Blight tolerant |
| १० | खुमल रातो | ४१.६६ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | |
| ११ | निलप्रसाद रातो | ३२.३२ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Tolerant |
| १२ | मेलुङ्ग सेतो | २९.८४ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Susceptible |
| १३ | लाप्चाने रातो | ३५.१२ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Tolerant |
| १४ | निगाले सेतो | ३५.८४ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Highly susceptible |
| १५ | ल्याण्ठे | ३३.६ | ➢ अग्लो<br>➢ रातो बोक्रा भएको | ➢ Slightly tolerant |
| १६ | विगु लोकल | ३३.८४ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Tolerant to blight |
| १७ | एन.पि.आई. १०६ | २६.४ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Highly susceptible |
| १८ | डाँडापाखर सेतो | १९.६ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Tolerant |

| क्र. सं. | आलुको जात | उत्पादकत्व (टन प्रति हेक्टर) | वनस्पतिक स्वरूप (बोटको आकार र आलुको दाना) | रोग अवरोधक क्षमता |
|---|---|---|---|---|
| १९ | किर्ने रातो | ४५.२८ | ➢ मध्यम, झ्म्म परेको<br>➢ रातो बोक्रा भएको | ➢ Slightly tolerant to blight<br>➢ Slightly susceptible to wart |
| २० | शैलुङ्गे निलो | २० | ➢ अग्लो, नझ्याङ्गिने<br>➢ रातो बोक्रा भएको | ➢ Slightly susceptible to blight |
| २१ | जिरी रातो (लोकल) | ४३.२ | ➢ मझौला<br>➢ रातो बोक्रा भएको | ➢ Tolerant |
| २२ | कोट स्थानिय | २५.७६ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Blight tolerant |
| २३ | ब्रिटिश | ३१.५२ | ➢ होचो<br>➢ रातो बोक्रा भएको | ➢ Highly susceptible |
| २४ | शैलुङ्गे सेतो | २०.६४ | ➢ मझौला<br>➢ सेतो बोक्रा भएको | ➢ Highly susceptible to blight |
| २५ | हेलम्बु स्थानिय | १५.६८ | अग्लो मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Susceptible highly |
| २६ | छोइताङ्गे स्थानिय | १०.०४ | ➢ होचो मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Resistant to blight<br>➢ Slightly susceptible to wart |
| २७ | शैलुङ्ग २ | २५.१२ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Tolerant |
| २८ | शैलुङ्ग १ | १२.४८ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Tolerant |
| २९ | रोजिटा | | ➢ अग्लो मध्यम<br>➢ रातो बोक्रा भएको | |
| ३० | CIP ३९१०५८.१७५ | ३२ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Resistant to blight<br>➢ Susceptible to wart |

| क्र. सं. | आलुको जात | उत्पादकत्व (टन प्रति हेक्टर) | वनस्पतिक स्वरूप (बोटको आकार र आलुको दाना) | रोग अवरोधक क्षमता |
|---|---|---|---|---|
| ३१ | CIP ३०४३६८.४५२ | ३२.२५६ | ➢ होचो<br>➢ रातो बोक्रा भएको | ➢ Slightly tolerant |
| ३२ | कार्डिनल | ३४.८ | ➢ होचो<br>➢ रातो बोक्रा भएको | ➢ Highly susceptible to blight |
| ३३ | निगाले सिलेक्सन | ३५.८४ | ➢ अग्लो<br>➢ रातो बोक्रा भएको | |
| ३४ | CIP.११२ | | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | |
| ३५ | CIP ३०४३५१.१०९ | | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | |
| ३६ | आरु आलु | ४३.२ | ➢ अग्लो मध्यम | ➢ Slightly susceptible |
| ➢चाईनिज जर्मप्लाप्जहरू | | | | |
| १ | Long Potato 7 | १६.६६ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Slightly susceptible |
| २ | Long Potato 10 | १६.१३ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Moderate |
| ३ | Long Potato 14 | १३.३९ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Moderate |
| ४ | LK 99 | ८.२८ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Moderate |
| ५ | L0109-4 | १८.५५ | ➢ अग्लो<br>➢ सेतो बोक्रा भएको | ➢ Moderate |
| ६ | Yun Potato 105 | २४.०७ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Resistance |
| ७ | Yun Potato 603 | १३.५७ | ➢ मध्यम<br>➢ रातो बोक्रा भएको | ➢ Tolerant |

| क्र. सं. | आलुको जात | उत्पादकत्व (टन प्रति हेक्टर) | वनस्पतिक स्वरूप (बोटको आकार र आलुको दाना) | रोग अवरोधक क्षमता |
|---|---|---|---|---|
| ८ | Ziyun 1 | ८.८७ | ➢ होचो<br>➢ निलो बोक्रा भएको | ➢ Tolerant |
| ९ | Mira | १६.७५ | ➢ अग्लो<br>➢ सेतो बोक्रा भएको | ➢ Moderate |
| १० | Qing Potato 9 | २१.६८ | ➢ अग्लो<br>➢ रातो बोक्रा भएको | ➢ Resistance |
| ११ | Emma 1 | १४.७२ | ➢ मध्यम<br>➢ सेतो बोक्रा भएको | ➢ Tolerant |
| १२ | Emma 2 | १२.१७ | ➢ अग्लो<br>➢ सेतो बोक्रा भएको | ➢ Moderate |

## २.१० नागरिक वडापत्र

| क्र.सं. | प्रदान गरिने सेवाहरू | कार्यविधि | सम्बन्धित व्यक्ती | शूल्क | समय |
|---|---|---|---|---|---|
| १ | सिफारिस आलुका जातहरूको मूल बीउ उत्पादन तथा विक्रि वितरण | किसिम र जातको परिमाण खुलाई अग्रिम निवेदन दिने | प्रा.स. र स्टोर शाखा | सरकारी दररेट बमोजिम | १०-३० मिनेट भित्र |
| २ | आलु वियाँ (टि.पि.एस.) र सिडलिंग ट्युवर उत्पादन तथा विक्रि वितरण | किसिम र जातको परिमाण खुलाई अग्रिम निवेदन दिने | प्रा.स. र स्टोर शाखा | सरकारी दररेट बमोजिम | १-३ दिन भित्र |
| ३ | प्राविधिक सेवा, टेवा | कस्तो सेवा चाहिएको खुलाई केन्द्रमा सम्पर्क गर्ने | प्राविधिक कर्मचारिहरू | निःशुल्क | १-२ दिन भित्र |

| क्र.सं. | प्रदान गरिने सेवाहरू | कार्यविधि | सम्बन्धित व्यक्ती | शूल्क | समय |
|---|---|---|---|---|---|
| ४ | स्थलगत घुम्ती तालिम स्कुल हर्टिकलचर तालिम र विभिन्न प्रर्दशनहरू संचालन | केन्द्रको स्वीकृत कार्यक्रम अनुसार केन्द्रको प्रभाव क्षेत्रमा गई संचालन गर्ने | प्राविधिक कर्मचारिहरू | निःशुल्क | कार्यक्रमको नर्मस र कार्यविधी अनुसारको अवधि |
| ५ | बीउ आलु प्रमाणीकरण र भण्डारण सम्बन्धि तालिम दिने | केन्द्रको स्वीकृत कार्यक्रम अनुसार केन्द्रको प्रभाव क्षेत्रमा गई संचालन गर्ने | प्राविधिक कर्मचारिहरू | निःशुल्क | कार्यक्रमको नर्मस र कार्यविधि अनुसारको अवधि |
| ६ | प्रशासन तथा जिन्सी सम्बन्धि | केन्द्रमा सम्पर्क गर्नु पर्ने | खरिदार | नियम अनुसार लाग्ने शुल्क | तुरुन्त |
| ७ | लेखा तथा आर्थिक कारोवार सम्बन्धि | केन्द्रमा सम्पर्क गर्नु पर्ने | स.लेखापाल | नियम अनुसार लाग्ने शुल्क | १ हप्ता भित्र |
| ८ | उजुरी सुन्ने | मौखिक तथा लिखित निवेदन दिने | बाली संरक्षण अधिकृत | निःशुल्क | तुरुन्त |

# आ.व. २०८०/८१ मा संचालित कार्यक्रम

## ३.१ आ.व. २०८०/८१ को वार्षिक प्रगती विवरण

| क्र.स. | कार्यक्रम/ क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | भारित प्रगति % |
| अ) पूँजीगत खर्च अन्तगत कार्यक्रमहरू | | | | | | | | | |
| ११.३.१०.१८ | टिस्युकल्चर ल्यावको लागि मेशिनरी सामाग्री खरिद | ३११२२ | पटक | १ | ०.५२ | २ | १ | ०.५ | ०.३२ |
| ११३.१९.७३. | कार्यालय तथा प्रयोशा-लामा जडान गरिएका एयर कन्डिस्नर तथा अन्य उपकरणहरूको लागी १०० KVA को भोल्टेज स्टेभलाईजर खरिद एव जडान | ३११२२ | संख्या | १ | १.८७ | ६ | ० | ०. | ०.०० |
| ११.३.२२.६० | प्रिन्टर खरिद (थ्रि इन वन) | ३११२२ | संख्या | १ | ०१२. | ०.४ | १ | ०१२. | ...... |
| ११.३.२२.२५८ | पोल सहित सोलार बत्ती जडान | ३११२२ | संख्या | ३ | ०.९३ | ३ | ३ | ०.९३ | |
| ११.६.१३.३२६ | कार्यालय तथा आवाशका लागि कर्पेट खरिद | ३११२३ | मि. | २० | ०.३१ | १ | २० | ०.३१ | |
| ११.६.२.१७१ | रष्टिक स्टोर तथा पि.बि. एस उत्पादन गर्ने स्क्रिन हाउस सुद्धिढिकरण | ३११३१ | पटक | २ | १.५६ | ५ | २ | १.५६ | |
